# उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट जारी सूचना

नयाँ भेरियन्ट सहितको कोरोना भाइरसको संक्रमणको कारण यस अदालतबाट प्रवाह गरिने सेवा प्रवाहमा संकुचन ल्याईएकोमा विद्यमान अवस्था समेतका आधारहरुबाट यस अदालतबाट सम्पादन हुने कामकारवाही तथा सेवा प्रवाहमा देहाय बमोजिम हुने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ।

क) यस अदालतबाट मिति २०७८।१।९ तथा तत्पश्चात विभिन्न मितिमा बसेको पूर्ण बैंठकबाट आवश्यक निर्णयहरु भई सो अनुरुपको व्यवस्थापन हुँदै आएकोमा मिति २०७८।४।१५ देखि स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरुको पूर्णपालना हुने गरी यस अदालतबाट प्रवाह गरिने सबै प्रकारका (दर्ता र सुनुवाई सम्बन्धी)सेवाहरु नियमित रुपमा संचालन गर्ने।

ख) यस अदालतमा मिति २०७८।१।१५ देखि मिति २०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउने सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको सुविधा मिति २०७८।४।१५ देखि लागू हुने गरी उपलब्ध हुने।

ग) मिति २०७८।४।१५ देखि यस अदालतबाट सबै प्रकारका सेवा सुचारु हुने विषयको उच्च सरकारी वकील कार्यालय, वीरगन्ज, उच्च अदालत वार एशोशिएन, वीरगन्ज तथा सेवाग्राहीहरुका जानकारीका लागि प्रकाशन गर्ने।